# संघीय संसद
# प्रतिनिधि सभा

**नवौं अधिवेशन**

**बैठक संख्या - १**

## दैनिक कार्यसूची

२०७८ भदौ २३ गते

**बुधबार**

दिनको ४:०० बजे

### राष्ट्रपतिको पत्र

१. सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### अध्यक्षता गर्ने सदस्यको मनोनयन

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन गर्नुहुने ।

### अध्यादेश पेश

३. मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८" पेश गर्नुहुने ।

### अध्यादेश सम्बन्धी कार्य

४. मा० श्री प्रेम सुवालले "शपथ सम्बन्धी अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

५. सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले "शपथ सम्बन्धी अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० श्री प्रेम सुवालले "रेल्वे अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

७. सम्माननीय प्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री शेरबहादुर देउवाले "रेल्वे अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

८. मा० श्री प्रेम सुवालले "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

९. मा० गृह मन्त्री श्री बालकृष्ण खाँणले "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

१०. मा० श्री प्रेम सुवालले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

११. मा० गृह मन्त्री श्री बालकृष्ण खाँणले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

१२. मा० श्री प्रेम सुवालले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

१३. मा० गृह मन्त्री श्री बालकृष्ण खाँणले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

१४. मा० श्री प्रेम सुवालले "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

१५. मा० श्री दुर्गा पौडेलले "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

१६. मा० गृह मन्त्री श्री बालकृष्ण खाँणले "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

१७. मा० श्री प्रेम सुवालले “यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्” भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

१८. मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले “यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

१९. मा० श्री प्रेम सुवालले “फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्” भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

२०. मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले “फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

२१. मा० श्री प्रेम सुवालले “आर्थिक अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्” भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

२२. मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “आर्थिक अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

२३. मा० श्री प्रेम सुवालले “राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्” भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

२४. मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

२५. मा० श्री प्रेम सुवालले “विनियोजन अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्” भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

२६. मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “विनियोजन अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

२७. मा० श्री प्रेम सुवालले “औषधि (तेस्रो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्” भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

२८. मा० स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री श्री उमेश श्रेष्ठले “औषधि (तेस्रो संशोधन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

२९. मा० स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री श्री उमेश श्रेष्ठले “कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

३०. मा० श्री प्रेम सुवालले “स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्” भन्ने सूचना प्रस्तुत गर्नुहुने ।

३१. मा० स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री श्री उमेश श्रेष्ठले “स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

## शोक प्रस्ताव

३२. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्तावहरू प्रस्तुत गर्नुहुने :-

(क) “प्रतिनिधि सभाको यो बैठक नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट २०७० सालको संविधान सभामा समानुपातिक तर्फबाट निर्वाचित सदस्य महेन्द्र शेरचनको ६८ वर्षको उमेरमा मिति २०७८ साल भदौ २ गते बुधबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

(ख) “प्रतिनिधि सभाको यो बैठक तत्कालिन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट २०७० सालको संविधान सभामा समानुपातिक तर्फबाट निर्वाचित सदस्य, नेपाली जनवादी साङ्गीतिक क्षेत्रका लोकप्रिय कलाकार एवं हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता जुठबहादुर खड्गी (जे.वी. टुहुरे) को ७८ वर्षको उमेरमा मिति २०७८ साल भदौ १० गते बिहीबार काठमाडौं बल्खुस्थित बयोधा अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

डा. भरतराज गौतम
संघीय संसदको महासचिव